कृषि विकास मन्त्रालयको
# बुलेटिन
वर्ष १ अंक १ २०७२ असार कृषि मूलश्चः जीवनम् तेश्रो चौमासिक

## भूकम्पपीडित कृषकलाई सहयोग

भुकम्पको कारणले काठमाडौंको शंखरापूर न.पा. स्थित साँखु क्षेत्रमा जनताका भत्किएका घरहरूमा रहेको अन्नपात, लत्ताकपडा, भाँडाकुडा लगायतका अन्य घरायसी सामाग्रीहरू निकाल्ने र त्यस्ता संरचनाको भग्नावशेष व्यवस्थापन गर्ने कार्य यस मन्त्रालयबाट मिति २०७२।२।२ गते शनिबारका दिन साँखु क्षेत्रमा गई सम्पन्न गरियो । त्यसै गरी कृषि विकास मन्त्रालयले आफ्नो व्यवसायिकतालाई मध्यनजर राखी लक्षित वर्गलाई राहत दिने उद्देश्यले अन्तर्गतका निकायहरू समेतको सहभागितामा मिति २०७२।२।९ गते जिल्ला कृषि विकास कार्यालय, भक्तपुरसँगको समन्वयमा भक्तपुर जिल्लाको महामन्जुश्री नगरकोट नगरपालिकाको वडा नं ३ को सौडोल ताथली फाँटमा भूकम्पबाट प्रभावित किसानहरूको हार्भेष्टरबाट काट्ने र थ्रेसरबाट समेत चुट्ने कार्य गरी गहुँ सम्बन्धित भुकम्प पिडित किसानलाई सुरक्षित रुपमा संकलन र भण्डारण गर्न सहयोग गरिएको थियो । सो क्षेत्रका किसान र सहकारी समूहको माग बमोजिम मन्त्रालयले उक्त कार्यक्रममा बाली काट्न र चुट्नको लागि लगेका १ वटा थ्रेसर र अन्न सुरक्षित भण्डारण गर्न सुपर ग्रेन ब्याग १००




थान सहकारी समूहलाई कृषि विकास मन्त्रालयका सचिव श्री उत्तम कुमार भट्टराईले अनुदानका रुपमा हस्तान्तरण गर्नुभयो ।

यसै क्रममा मिति २०७२।२।१५ गते मन्त्रालय र अन्तर्गतका निकायहरू लगायत कर्मचारीहरूबाट ललितपुर जिल्लाको लेले-६, पहाडे थापागाउँका भूकम्प पीडित कृषकहरूलाई गहुँबाली भित्र्याउने, कृषि, पशु सेवा र खाद्य गुणस्तर परीक्षण सम्बन्धी सेवालाई एकीकृत गरी सेवा प्रवाह गरिएको थियो ।

लेले, पहाडे थापा गाउँका भूकम्प पीडित १० कृषकको करिब १५ रोपनी जग्गामा रहेको गहुँ बाली हँसिया र ब्रश कटर र रिपर मेशिन प्रयोग गरी काटेर थ्रेसर मेशिनबाट गहुँ चुटिएको थियो । उक्त स्थानमा गहुँको उत्पादकत्व परीक्षण गर्दा २.२५ मे. टन प्रति हेक्टर रहेको पाइयो । पशु सेवा विभाग अन्तर्गतबाट सोही स्थानका ५८१ गाईवस्तुको स्वास्थ्य परीक्षण सेवा प्रदान गरिएको । जसमध्ये १६५ गाईवस्तुको गोबर परीक्षण, २० कुकुरहरूलाई रेविज विरुद्धको खोप, ३९६ गाईवस्तुका लागि जुका तथा परजीवी विरुद्धका औषधी, स्वास्थ्यवर्द्धक भिटामिन, खनिज मिश्रण र ४० कि.ग्रा. टिओसेन्टी घाँसका बीउ वितरण गरिएको थियो । ...बाँकी पृष्ठ ३ मा

## माननीय कृषि विकास मन्त्रीबाट विश्व खाद्य तथा कृषि संगठनको ३९ औं सम्मेलनमा सहभागिता

माननीय कृषि विकास मन्त्री हरि प्रसाद पराजुलीको नेतृत्वमा तीन सदस्यीय टोली २०१५, जुन ६ देखि १३ सम्म सञ्चालन भएको एफ.ए.ओ.को ३९औं सम्मेलनमा सहभागी भई फर्केको छ । प्रत्येक २ वर्षमा हुने यस सम्मेलनको यस पटकको विषय "Review of State of food and agriculture: Breaking the Cycle of Rural Poverty and Hunger by Strengthening Rural Resilience: Social Protection and Sustainable Agricultural Development" रहेको थियो । उक्त सम्मेलनमा विभिन्न देशका राष्ट्राध्यक्ष एवं मन्त्री लगायत उच्च पदस्थ अधिकारीहरुको संलग्नता रहेको थियो ।






साथै यस पटक एफ.ए.ओ.को महानिर्देशकको चुनाव तथा सहश्राब्दी विकास लक्ष हासिल गरेका मुलुकहरूलाई सम्मान गर्ने कार्यक्रम पनि रहेको थियो । कार्यक्रमको पहिलो दिनमा एफ.ए.ओ. को महानिर्देशकको पदमा एकल उम्मेदवार रहेका निवर्तमान महानिर्देशक Jose Graziano da Silva को चुनाव भई नियुक्ती भएको थियो । कार्यक्रमको दोश्रो दिनमा सहश्राब्दी विकास लक्षको अन्तिम वर्ष रहेको सन् २०१५ सम्ममा सहश्राब्दी विकास लक्ष १ वा विश्व खाद्य सम्मेलन मध्ये एक वा दुवै लक्ष्य हासिल गर्न सफल राष्ट्हरूलाई सम्मान गरिएको थियो । यसै क्रममा सहश्राब्दी विकास लक्ष १ हासिल गर्न सफल राष्ट्का रुपमा नेपाललाई पनि सम्मानित गरिएको थियो । यसरी लक्ष्य प्राप्त गर्ने एशियाका ५ मुलुक मध्ये नेपाल पनि एक रहेको छ । उक्त अवसरमा विभिन्न राष्ट्का ...बाँकी पृष्ठ २ मा

## यसभित्र


- सम्पादकीय २
- राष्ट्रिय धान दिवस सम्पन्न २
- जुम्ला जिल्लामा अनुगमन भ्रमण ४
- कृषि विकास रणनीति ५
- बीउ बजार कार्यशाला गोष्ठी सम्पन्न ६
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यशाला .... ६
- प्राकृतिक विपदहरूबाट कृषिक्षेत्रमा भएको क्षति र ... ७
- भारतको वजेटले नेपालको कृषि क्षेत्रमा पार्न सक्ने ... ७
- राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार वितरण कार्यक्रम सम्पन्न ८

# सम्पादकीय

**"कृषि मूलश्चः जीवनम्" अर्थात कृषि जीवनको मूल आधार हो ।**

यो वाक्यांश परापूर्व काल देखिनै हाम्रो समाजमा विद्यमान रहेको छ । दुई तिहाई भन्दा बढी जनसंख्या कृषिमा आधारित रहेको हाम्रो जस्तो देशको लागि कृषि कार्य एवं यसमा संलग्न व्यक्ति, समुदाय, सङ्घ संस्था र निकायको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यसै परिप्रेक्ष्यमा कृषि विकास मन्त्रालय, सम्पूर्ण कृषिकर्मीहरुको लागि आस्था र भरोसाको केन्द्रको रुपमा रही आएको छ । कृषि विकास मन्त्रालय कृषि क्षेत्रको सम्पूर्ण निकायहरूको प्रमुख केन्द्रीय निकाय (Apex body) पनि हो ।

यसै सिलसिलामा कृषि विकास मन्त्रालयका विभिन्न गतिविधिहरूलाई जनमानस बीच ल्याउने र कृषि विकासको बारेमा सुसूचित गर्ने उद्देश्य अनुरुप कृषि विकास मन्त्रालयको बुलेटिन प्रथम पटक यहाँहरू सामु पस्कने जमर्को गरेका छौं । आगामी आ.व. २०७२।७३ देखि चौमासिक रुपमा कृषि विकास मन्त्रालयका समसामयिक गतिविधिहरू सहित नियमित रुपमा यहाँहरू समक्ष ल्याउने प्रतिबद्धता पनि व्यक्त गर्दछौं ।

यस पटक FAO को उनन्चालिसौं सम्मेलन, भूकम्प पीडित कृषकहरूलाई सहयोग, अनुगमन भ्रमण, कृषि विकास रणनीति, बीउ बजार गोष्ठी, राष्ट्रपति कृषक पुरस्कार लगायत विषयहरूलाई सकेसम्म समेट्ने प्रयास गरिएको छ । आगामी अङ्कमा प्रकाशन हुने बुलेटिनमा चौमासिक रुपमा कृषि विकास मन्त्रालय, यस अन्तर्गतका निकायहरू र कृषकका प्रमुख उल्लेखनीय गतिविधिहरूलाई समेट्ने कोशिश गरिने छ । कृषि पेशालाई कृषकहरूलाई जीवनयापनको माध्यममा मात्र सीमित नराखी व्यवसायिक रुपमा आत्मनिर्भर बनाउँदै "कृषि उद्यमीको" रुपमा रुपान्तरित गरी हाल विद्यमान कृषिसँग सम्बन्धित समस्याहरूलाई समाधान गर्दै खाद्यान्न तथा पोषणमा आत्मनिर्भर बनाउने निर्यातयोग्य कृषि वस्तुहरूको उत्पादन बढाउने एवं आयात प्रतिस्थापन गरी हाल ठूलो मात्रामा विकराल रुपमा रहेको व्यापार घाटालाई कम गर्दै लाने राष्ट्रिय अभियान र कृषिको बारेमा अभिरुचि राख्ने धेरै जनसमुदायहरूलाई कृषि क्षेत्रको बारेमा जानकारी गराउन हाम्रो यो प्रयास सहयोगी बन्ने अपेक्षा राखेका छौं ।

अन्तमा, हाम्रो यो पहिलो प्रयास भएकोले बुलेटिनमा केही कमी कमजोरीहरू हुन सक्छन् सुधारका थुप्रै ठाउँहरू हुन सक्छन् । यस बुलेटिनलाई थप परिस्कृत एवं उपयोगी बनाउन पाठक वर्गबाट रचनात्मक सुझावको अपेक्षा राखेका छौं ।


**संरक्षक**

**श्री उत्तम कुमार भट्टराई**
सचिव
कृषि विकास मन्त्रालय, सिंहदरवार

**सम्पादक मण्डल**

**संयोजक**

**श्री उदयचन्द्र ठाकुर**
सहसचिव

**सदस्यहरु**

**श्री चक्रपाणी पाण्डे**
उपसचिव

**श्री लाल कुमार श्रेष्ठ**
वरिष्ठ कृषि अर्थ विज्ञ

**परशुराम अधिकारी**
वरिष्ठ वाली संरक्षण अधिकृत

**श्री वासुदेव काफ्ले**
वरिष्ठ कृषि अर्थ विज्ञ

**डा. प्रद्युम्नराज पाण्डे**
वरिष्ठ कृषि अर्थ विज्ञ

**सदस्य सचिव**

**श्री टीकाराम शर्मा**
वरिष्ठ कृषि अर्थ विज्ञ


## मानसीय कृषि विकास मन्त्रीबाट . . .

राष्ट्राध्यक्षहरूबाट सम्बोधन भएको थियो ।

यसैगरी उक्त सम्मेलनमा विभिन्न देशका राष्ट्राध्यक्ष, मन्त्री तथा अन्य प्रतिनीधिहरूबाट आआफ्नो देशमा खाद्य सुरक्षा हासिल गर्न तथा गरिबी घटाउन गरेका प्रयास एवं अनुभवहरूको आदान प्रदान भएको थियो । नेपाल सरकारको तर्फबाट सम्बोधन गर्ने क्रममा माननीय कृषि विकास मन्त्रीज्यूले नव नियुक्त महानिर्देशकलाई बधाइ एवं शुभकामना प्रदान गर्नुको साथै सहश्राब्दी लक्ष्य हासिल गर्न सहयोग गर्ने सबै सरोकारवालालाई धन्यवाद ज्ञापन गर्नु भएको थियो । हाल नेपालमा आएको भूकम्प र त्यसले कृषि क्षेत्रमा पारेको असर सम्बन्धमा ध्यानाकर्षण गराउँदै यसले नेपालले हासिल गरेको उपलब्धिलाई निरन्तरता दिन, भविष्यमा खाद्य सुरक्षा हासिल गर्न, गरिबी घटाउन तथा सन् २०२२ सम्ममा अल्प विकसित मुलुकबाट विकासशील मुलुकमा पुग्न राखेको लक्ष हासिल गर्न समेत चुनौतीपूर्ण रहेको अवस्था बारे जानकारी गराउँदै गरिबी न्यूनीकरण गर्ने तथा खाद्य सुरक्षा सुनिश्चित गर्ने विभिन्न कार्यक्रमहरू संचालनमा रहेका र सो को निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नु भयो । हाल भूकम्पले पुऱ्याएको क्षतिको अवस्थामा राहत व्यवस्थापनमा अन्तर्राष्ट्रिय समुदायले खेलेको भुमिकाको प्रशंसा गर्दै आगामी पुनःस्थापना र पुनः निर्माण कार्यमा राष्ट्रिय संयन्त्र मार्फत सहयोग गर्न समेत अनुरोध गर्नु भएको थियो ।

यसै गरी नव नियुक्त महानिर्देशक Jose Graziano da Silva संग भएको छुट्टै भेट वार्तामा माननीय मन्त्रीबाट एफ.ए.ओ.बाट भएको सहयोगका लागि धन्यवाद दिँदै आगामी दिनमा पनि सहयोगको अपेक्षा राखेको जानकारी दिनु भयो । यसैगरी कार्यक्रम संचालनलाई थप प्रभावकारी बनाउन Post Disaster Need Assessment (PDNA) ले निर्देशन गरेको क्षेत्रमा सहयोग गर्न तथा नेपाल सरकारसँग सहकार्यलाई निरन्तरता दिनु पर्ने कुरामा समेत जोड दिनु भयो । एफ.ए.ओ.का महानिर्देशकबाट भुकम्पबाट भएको क्षति प्रति गहिरो समवेदना व्यक्त भएको थियो । नेपाल सँगको मित्रता विशेष रहेको उल्लेख गर्दै नेपाललाई जस्तो सुकै सहयोग गर्न पनि तयार रहेको विश्वास दिनु भएको थियो । यसै गरी माननीय मन्त्रीबाट आगामी २५ जुन, २०१५ मा हुन गईरहेको दातृ समुदायसँगको सम्मेलनमा भाग लिन समेत आमन्त्रण गर्नु भएको थियो ।

नेपालको यस विषम परिस्थितिलाई मध्य नजर राख्दै माननीय मन्त्रीको टोली भ्रमण अवधि छोट्याई २०१५, जुन ११ मै नेपाल फर्केको थियो ।

## राष्ट्रिय धान दिवस सम्पन्न

पन्ध्र असारमा नेपाली परम्परा अनुसार खेत रोपाइ गरी दही चिउरा खाइ मनाउने पुरानै चलन हो । विगत १२ बर्षदेखि यस दिन कृषि प्रधान देशमा सरकारी तवरमा कृषि विकास मन्त्रालय अन्तर्गतका विभिन्न निकायहरुबाट समेत विभिन्न कार्यक्रम गरी मनाइदै आइएको छ । यसै क्रममा यस वर्ष २०७२ साल आषाढ १५ गते "धान खेतीमा यान्त्रिकरण, उत्पादन लागतमा न्यूनिकरण" भन्ने नाराका साथ राष्ट्रव्यापी रुपमा बाह्रौ राष्ट्रिय धान दिवस मनाइयो ।



स्वयम्सेवी कर्मचारीहरू गहुँ काट्दै



पोर्टेबल थ्रेसर मेशिन सचिव श्री उत्तम कुमार भट्टराईले लेलेका कालीदेवी महिला कृषक समूहलाई हस्तान्तरण गर्दै



लेलेमा माटो परीक्षण गरी कार्यक्रमको शुभारम्भ गर्दै सचिव श्री उत्तम कुमार भट्टराई

**भूकम्पपीडित ....**

कृषकहरूले खेतीको लागि प्रयोग गरेको जग्गाबाट १२७ वटा माटोको नमूना परीक्षण र विश्लेषण गरिएको थियो। विश्लेषणका आधारमा नमूनाहरूमा अम्लीय रहेको पाइयो भने जैविक पदार्थ र नाइट्रोजनको मात्रा न्यून रहेको पाइयो। त्यसै गरी फस्फोरस न्यून देखि मध्यम र पोटास मध्यमदेखि सामान्य रहेको जानकारी दिइयो।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट लेले क्षेत्रका ८ पसलहरूको अनुगमन गर्नुका साथै स्थानीयवासीलाई खाद्य स्वच्छता सम्बन्धी सचेतना शिक्षा तथा लेवल सम्बन्धी जानकारी गराइएको थियो। चापागाउँस्थित ६ वटा मिठाई पसलको अनुगमन गर्दा सन्तोषजनक पाइयो। किसानले लगाएको गहुँ बाली काट्ने कार्यका लागि ब्रश कटर, रिपर मेसिनको प्रयोगमा ल्याई कटानी र थ्रेसर मेसिनको प्रयोगद्वारा चुट्ने कार्य गरी गहुँ वाली सुरक्षित भण्डारणको प्रविधि बारे जानकारी गराइएको थियो।

सोही अवसरमा मन्त्रालयका सचिव श्री उत्तम कुमार भट्टराईले लेले-६, पहाडे थापा गाउँको कालीदेवी महिला कृषक समूहका एक सय किसानलाई अन्न सुरक्षित भण्डारण गर्न सुपरग्रेन ब्याग १०० थान र पोर्टेवल थ्रेसर मेशिन १ वटा सहयोग स्वरुप हस्तान्तरण गर्नु भएको थियो।

त्यसैगरी मिति २०७२/०२/३० गते शनिवारका दिन विहान ७.०० बजेदेखि दिनभर जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशु सेवा कार्यालय, काठमाडौं र खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभाग मार्फत काठमाडौं जिल्लाको कागेश्वरी मनहरा नगरपालिकाको गागलफेदीमा पशु स्वास्थ्य शिविर र बाली उपचार शिविर संचालन गरिएको थियो भने खाद्य स्वच्छता सम्बन्धी जानकारी दिइएको थियो। पशु स्वास्थ्य शिविरबाट ५३४ कृषकहरू लाभान्वित भएका थिए। सो शिविरमा ३६९ वटा गाईवस्तुको गोबर परीक्षणको आधारमा नि:शुल्क परजीवि नियन्त्रण विरुद्धका औषधी उपलब्ध गराइएको थियो भने एन्टी रेविज खोप १३ वटा कुकुरलाई लगाइएको, खोरेत रोगविरुद्द खोप ९ वटा गाईलाई लगाइएको, पी.पी.आर. रोग विरुद्ध खोप ५७ वटा बाखालाई लगाइएको, १३ वटा बोकालाई खसी पारिएको, ६४ वटा गाईवस्तुको उपचार गरी नि:शुल्क औषधी वितरण गरिएको, ९ वटा पशुमा कृत्रिम गर्भादान गराइएको थियो। साथै, १५० रोपनी जग्गामा घाँस उत्पादन गर्न पुग्ने १०० के.जी. सुडान घाँसको बीउ वितरण गरिएको थियो। पशुपालन सम्बन्धी सचेतनाका पोष्टर पम्प्लेट वितरण तथा पशुपालन सम्बन्धी प्राविधिक सल्लाह प्रदान गरिएको थियो।

बाली उपचार शिविरमा ८९ जना कृषकहरू लाभान्वित भएका थिए। सो शिविरमा कृषकहरूबाट ल्याइएका नमुनाबाट ढुसीजन्य रोग, किरा फट्याङ्ग्रा, जरा कुहिने, बोट सुक्ने जस्ता विषाणुजन्य रोगहरूको प्रकोप पाइयो। उपरोक्त समस्याहरूको आधारमा बीउ उपचार गरी संचय र प्रयोग गर्न, बाली चक्र प्रणाली अपनाउन, उन्नत बीउको प्रयोग गर्न र माटो परिक्षणको आधारमा माटो उपचार गर्नको लागि प्राविधिक सल्लाह पनि दिइयो। जैविक विषादी र कृषि बाली सम्बन्धी पोस्टर पम्प्लेट पनि वितरण गरिएको थियो।

खाद्य स्वच्छता सम्बन्धी जानकारी गराउने सन्दर्भमा ८ वटा खाद्य पसलहरूको खाद्य स्वच्छता सम्बन्धी अनुगमन गरिएको र नमुना संकलन गरिएको, खाद्य स्वच्छता सम्बन्धी सचेतनाका लागि पोष्टर पम्प्लेट वितरण गरिएको थियो।

यसै गरी मिति २०७२।३।५ गते शनिवारका दिन पुन: भक्तपुर जिल्लाको चाँगुनारायण नगरपालिका वडा नं ५ को झौखेल, दाहाल गाउँमा मन्त्रालय र अन्तर्गतका निकायमा कार्यरत प्राविधिक कर्मचारीहरू बाट पशु स्वास्थ्य शिविर, बाली उपचार शिविर र माटो परीक्षण शिविर संचालन गरिएको थियो। पशु स्वास्थ्य शिविरबाट १७६ कृषकहरू लाभान्वित भएका थिए। सो शिविरमा २८५ वटा गाई भैंसीको गोबर परीक्षणको आधारमा नि:शुल्क परजीवि नियन्त्रण विरुद्धका औषधी उपलब्ध गराइएको, १७ वटा कुकुरलाई एन्टी रेविज खोप लगाएको, १६० वटा गाई भैंसी बाख्रा र ८० वटा कुखुराको उपचार गरी नि:शुल्क औषधी वितरण गरिएको थियो।

पशुपालक कृषकहरूलाई पशुपालन सम्बन्धी सचेतनाका पोष्टर पम्प्लेट वितरण तथा पशुपालन सम्बन्धी प्राविधिक परामर्श सेवा उपलब्ध गराउनुको साथै पशुवस्तुहरूलाई नि:शुल्क सन्तुलित दाना, खनिज र भिटामिन समिश्रण उपलब्ध गराइएको थियो।

बाली उपचार शिविरमा ११२ जना कृषकहरू लाभान्वित भएका थिए। बाली उपचार शिविरमा ल्याइएका फलफूल, तरकारी र धानको बेर्नाहरूका ९६ वटा नमुनामा ढुसीजन्य रोग, जरा कुहिने बोट सुक्ने जस्ता विषाणुजन्य रोग र किरा फट्याङ्ग्राको प्रकोप पाइयो। सो समस्याको आधारमा जैविक विषादीहरू निशुल्क वितरण र कृषि बालीसम्बन्धी सचेतनाका पोस्टर पम्प्लेट वितरण गरिएको थियो।

माटो परीक्षण शिविरमा ७० जना कृषकहरू लाभान्वित भएका थिए। PH, नाइट्रोजन, फस्फोरस र पोटासको माटोमा उपलब्धता परीक्षणको आधारमा नाइट्रोजन मध्यम देखि अधिक स्तर र फस्फोरस तथा पोटासको हकमा न्यून स्तर रहेको पाइयो। उपरोक्त समस्याका आधारमा कृषकहरूलाई बीउ उपचार गरी संचय र प्रयोग गर्न, बाली चक्र प्रणाली अपनाउन, उन्नत बीउ बिजनको प्रयोग गर्न र माटो परीक्षण गराई सोही अनुरुप उपचार गर्नको लागि प्राविधिक सल्लाह दिइएको थियो।

समग्रमा विनासकारी भूकम्पले पारेको प्राकृतिक विपत्तिलाई मध्यनजर राखी अत्यन्त पिडामा रहेको कृषक दाजुभाई दिदी बहिनीहरूलाई सरकारको तर्फबाट दिइने राहतमा थप टेवा पुऱ्याउने उद्देश्यले सञ्चालन गरिएको स्वयम्सेवा कार्य सफलतापूर्वक सम्पन्न भयो। यस्तो कार्यले कृषकहरू नजिकिएको खेतीपातीको समयमा काम गर्न थप हौसला पुगेको पाइयो।

# जुम्ला जिल्लामा अनुगमन भ्रमण

कृषि विकास मन्त्रालय अन्तर्गत संचालित उच्च मूल्य कृषि वस्तु विकास आयोजना (HVAP) बाट जुम्लामा आयोजना भएको अनुदान सेवाग्राही र सरोकारवालाहरूवीचको अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथिको रुपमा भाग लिन र जुम्ला जिल्लामा संचालित HVAP का साथै उक्त जिल्लामा संचालित अन्य आयोजना/कार्यक्रमहरूको अनुगमन निरिक्षण गर्ने उद्देश्यले कृषि विकास मन्त्रालयका सचिव श्री उत्तम कुमार भट्टराईको २०७२/२/२५ देखि २७ गतेसम्म जुम्ला जिल्लामा भ्रमण भएको थियो। अनुगमन टोलीमा कृषि विभागका महानिर्देशक डा. युवकध्वज जि.सी., पशु सेवा विभागका महानिर्देशक डा. केशव प्रसाद प्रेमी, क्षेत्रीय कृषि निर्देशनालय, सुर्खेतका क्षेत्रीय निर्देशक श्री अच्यूत प्रसाद ढकाल, क्षेत्रीय पशु सेवा निर्देशनालयका क्षेत्रीय निर्देशक श्री किशोर प्रसाद कायस्थ, HVAP का आयोजना प्रमुख श्री राजेन्द्रप्रसाद भारी, कृषि विकास मन्त्रालयका व.कृ.अ.वि. श्री शंकर सापकोटा र कृ.अ.वि. श्री मीना कंडेलको पनि उक्त भ्रमण कार्यक्रममा सहभागिता रहेको थियो।



**कृषि विकास मन्त्रालय अन्तर्गत जुम्लास्थित विभिन्न कार्यालयका प्रमुखहरूबाट कार्यक्रम तथा प्रगति स्थिति वारे प्रस्तुति**

जुम्लास्थित कृषि विकास मन्त्रालय अन्तर्गतका कार्यालयहरू र HVAP आयोजनाको पनि कार्यक्रम कार्यान्वयन स्थितिवारे भ्रमण टोलीलाई जानकारी गराइएको थियो। जुम्लामा स्याउ, सिमि, आलु, पोषणको लागि ग्रामिण कुखुराको व्यापक सम्भावना रहेको र यसमा विकास गर्न सकिने कुरा औंल्याइएको थियो। आयोजनाको प्रस्तुतिमा डेरीमा पनि जानु पर्ने, आयोजनाको वचत हुने वजेटबाट तालिम, अध्ययन, प्राङ्गारिक विषादी, ल्यावलाई सहयोग गर्नु पर्ने



**जुम्लाको तलिममा गरिएको गाजरको बीउ उत्पादनस्थल**

सुझाव दिइएको थियो।

अनुसन्धान निरीक्षणको क्रममा जुम्लाको तलिममा HVAP आयोजनाको सहयोगमा कैलाश कृषि समूहले गरेका गाजरको वीउ उत्पादन स्थल र कालिका समूहले स्याउ भण्डारणको लागि बनाएको सेलार स्टोरको अवलोकन भयो। सो अवसरमा त्यस क्षेत्रका कृषककहरूले HVAP आयोजनाको सहयोगमा सञ्चालित स्याउ खेती र भण्डारण र गाजरको वीउ उत्पादन, हिमाली आयोजनाको सहयोगमा सञ्चालित गाईपालन, जिल्ला कृषि विकास कार्यालयबाट सञ्चालित युवा लक्षित कार्यक्रम (च्याउ र तरकारी), जिल्ला पशु सेवा कार्यालयबाट सञ्चालित घाास विकास कार्यक्रम, नेपाल कृषि अनुसन्धान परिषद्को out-reach कार्यक्रमका कृषकको आलु स्टोर सम्बन्धी कार्यक्रमको सम्वन्धमा सम्बन्धित अगुवा कृषकहरूबाट जानकारी दिइएको थियो। सो पछि भ्रमण टोलीले यी सबै क्रियाकलापहरूको अवलोकन गरेको थियो।

जुम्ला उद्योग वाणिज्य सङ्घको हलमा आयोजित HVAP आयोजनाका अनुदानग्राही र सरोकारवालाहरू बीच समिक्षा एवं



**भ्रमण टोलीबाट जुम्लाको तलिममा गाजरको वीउ उत्पादनस्थल निरीक्षण**

अन्तरक्रिया गोष्ठी कृषि विकास मन्त्रालयका सचिव श्री उत्तम कुमार भट्टराईको प्रमुख आतिथ्यतामा सञ्चालन भयो। उक्त गोष्ठी जुम्ला उद्योग वाणिज्य सङ्घका अध्यक्ष श्री रामदत्त रावलको अध्यक्षतामा सञ्चालन भएको थियो।

सो गोष्ठीको प्रथम सत्रमा ६ वटा प्रतिनिधिमूलक प्रस्तुति, २ निजी व्यवसायीहरूको भनाई र २ जना अगुवा कृषहरूबाट अनुभव सुनाएपछि छलफल सुरु भएको थियो। सो अवसरमा



**भ्रमण टोलीबाट जुम्लाको तलिचौरमा गरिएको व्यवसायिक तरकारी खेतीको निरीक्षण**



**भ्रमण टोली तलिममा**
**कृषकहरूसँगको छलफल कार्यक्रममा**



**भ्रमण टोली जुम्ला जिल्लास्थित कृषि विकास मन्त्रालय अन्तर्गतका कार्यालय निरीक्षण गर्ने क्रममा कृषि अनुसन्धान केन्द्र, विजयनगर, जुम्लाका कर्मचारीहरूसँग छलफल कार्यक्रममा**

गाजरको बीउको लागि मेशिन चाहिने, स्याउको पोर्टेवल ग्रेडिंग मशिनको आवश्यकता, कृषि ऋण लिन झण्झटिलो, कृषकलाई देशका अन्य सम्भाव्य ठाउँमा (विदेशमा पनि) भ्रमणमा लानु पर्ने, सिन्जा क्षेत्रमा स्याउको संकलन केन्द्रको आवश्यकता, अन्य गाविसमा पनि स्याउको प्राङ्गारिक प्रमाणीकरण विस्तार गर्नु पर्ने, बीमाको व्यवस्था हुनु पर्ने, बीउको मूल्यमा कमी भएको, स्याउको कोल्डस्टोरेज बनाउनु पर्ने, आदि सहभागीहरूबाट सुझाव एवं गुनासाहरू आएका थिए । सो क्रममा आयोजनाको तर्फबाट अयोजनाका प्रमुख श्री राजेन्द्र भारीले सम्बन्धित विषयमा जवाफ दिनु भएको थियो ।

सो कार्यक्रममा जुम्ला जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री दिपेन्द्रराज पौडेल, क्षेत्रीय पशु सेवा निर्देशनालय, सुर्खेतका क्षेत्रीय निर्देशक श्री किशोर प्रसाद कायस्थ, कृषि विभागका महानिर्देशक डा. युवकध्वज जिसीले मन्तव्य दिनुभएको थियो ।

प्रमुख अतिथि कृषि विकास मन्त्रालयका सचिव श्री उत्तम कुमार भट्टराईबाट मन्तव्य व्यक्त गर्दै निर्देशन दिनुभयो । वहाँले उत्पादनोपरान्तको क्षति (post-harvest loss) कम गर्न सक्नु राम्रो प्रयास भएको बताउँदै सि र डि ग्रेडका स्याउहरू प्रशोधन गरी साइडर, व्रान्डी बनाउने उद्योगहरू २ वटा स्थापना भएको राम्रो तर मानवीय स्वास्थ्यलाई ख्याल गरी उद्योगमा उचित प्राविधिक मापदण्ड अनुसार प्रशोधन गर्नु पर्ने कुरा औंल्याउनु भयो । कृषि सहकारीलाई साना किसान विकास बैंकसँग जोड्नु पर्नेमा जोड दिनुभयो । त्यसैगरी प्राङ्गारिक प्रमाणीकरणको कुरा गर्दा विशेष बाली र विशेष स्थानमा मात्र फोकस हुनु पर्ने, रासायनिक मलको उपयोग अति नै न्यून छ, तसर्थ धान, सिमि बाली जुन देशभित्रै खपत हुन्छ त्यसमा अझै डराउनु पर्ने अवस्था छैन, भन्ने धारणा व्यक्त गर्नुभयो । विदेशमा निर्यात गरिने वस्तुहरूमा बाली र उत्पादन हुने स्थान हेरी प्राङ्गारिक प्रमाणीकरण गर्न निर्देशन दिनु भयो ।

जिल्ला कृषि विकास कार्यालय, जुम्लाका नि. प्रमुख श्री विष्णु वहादुर महतबाट धन्यवाद मन्तव्य दिदै कृषिसँग सम्बन्धित विषयमा उठेका जिज्ञासाहरूको जवाफ पनि दिनु भयो । कार्यक्रमका अध्यक्ष एवं जुम्ला उद्योग वाणिज्य सङ्घका अध्यक्ष श्री रामदत्त रावलबाट मन्तव्य सहित कार्यक्रमको पहिलो (उदघाटन् सत्र) सत्रको समापन भयो ।

मन्त्रालयका सचिव श्री उत्तम कुमार भट्टराईले जिल्लामा अवस्थित विभिन्न कार्यालयहरूको अवलोकन, निरीक्षण गर्नुभयो । सो अवसरमा जिल्ला कृषि विकास कार्यालय, विजयनगर स्थित नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतको अनुसन्धान केन्द्र, खाद्य प्रशोधन केन्द्र र जिल्ला पशु सेवा कार्यालयको निरीक्षण गर्नु भएको थियो । अनुगमनको क्रममा जुम्लाको तलिचौरमा हिमाली आयोजनाबाट सञ्चालित व्यवसायिक तरकारी खेतीको अवलोकन गर्नुका साथै HVAP आयोजनाको सहयोगमा सञ्चालित केशर खेतीको पनि अवलोकन भयो । ●

## कृषि विकास रणनीति

कृषि विकास मन्त्रालयले राष्ट्रिय किसान संजाल संगको सहकार्य र एशियाली विकास वैंक लगायत १३ वटा बिकस साझेदार निकायहरुको सहयोगमा कृषि बिकास रणनीति तर्जुमा गरेको छ । यसमा एसियाली विकास बैंक (ADB), कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (IFAD), युरोपेली युनियन (EU), खाद्य तथा कृषि संगठन (FAO), विकास र सहायताका लागि स्विस नियोग (SDC), जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (JICA), अन्तर्राष्ट्रिय विकासका लागि डेनमार्क नियोग (DANIDA), विश्व खाद्य कार्यक्रम (WFP), अन्तर्राष्ट्रिय विकासका लागि संयुक्त राज्य अमेरिकी नियोग (USAID), अन्तर्राष्ट्रिय विकास विभाग (DfID), विश्व बैंक, अर्न्तराष्ट्रिय विकासका लागि अष्ट्रेलियाली नियोग (AusAID), र लैंगिक समानता तथा महिला सशक्तिकणका लागि संयुक्त राष्ट्रसंघीय निकाय (UN Women) को सहयोग र नेपाल सरकारको लगानी रहेको छ । कृषि विकास रणनीतिले आगामी २० वर्षका लागि नेपालको कृषि क्षेत्रलाई मार्गनिर्देश गर्नेछ । आर्थिक वृद्धिलाई गति दिने, जीवनस्तरलाई माथि उकास्ने र खाद्य तथा पोषण सुरक्षामा योगदान दिने, खाद्यसंप्रभुता उन्मुख, "आत्मनिर्भर, दिगो, प्रतिस्पर्धी तथा समावेशी कृषि क्षेत्र" कृषि विकास रणनीतिको दूरदृष्टि (Vision) रहेको छ । कृषि बिकास रणनीतिको दूरदृष्टि हासिल गर्न लाइ चार रणनीतिक संभागहरू: सुशासन, उत्पादकत्व बृद्धि, नाफामूलक व्यवसायीकरण र प्रतिस्पर्धी क्षमताद्वारा कृषि क्षेत्रको द्रुत विकास गरिने कुरा सहितको रणनीतिक रुपरेखा व्यवस्था गरिएको छ । हाल उक्त रणनीति नेपाल सरकार मन्त्रीपरिषदवाट स्वीकृतिको क्रममा रहेको छ । ●

# बीउ बजार कार्यशाला गोष्ठी सम्पन्न

किसानका लागि उन्नत बिउ बिजन कार्यक्रम (KUBK) बुटवलको आयोजनामा २०७२।२।२४ देखि २५ गतेसम्म औपचारिक बिउ बिजन क्षेत्रको बिस्तारका लागि बिउ उत्पादक कृषक समूह, सहकारीहरू, बिउको कारोबारमा सम्लग्न स्थानीय स्तरमा कार्यरत बिउ बिक्रेता, एग्रोभेट, बिउ कम्पनीहरू तथा नेपाल बिउ व्यवसायी संघ (SEAN) र नेपाल उद्योग बाणिज्य संघ (NCCI) का साथै बिउको उत्पादन र बितरणमा काम गर्ने सम्पूर्ण सरोकारवालाहरूको सहभागितामा दुई दिने अन्तरकृया गोष्ठिको आयोजना गरिएको थियो । उक्त अन्तरकृया गोष्ठिको मुख्य उदेश्य किसानका लागि उन्नत बिउ बिजन कार्यक्रम (KUBK) कार्यक्रम सञ्चालन भएका जिल्लाहरूमा उत्पादित यथार्थ सङ्केत पत्र लगाईएको बिउ (TL Seed) को बजार व्यवस्थापन गर्ने र जिल्लामा बिउ उत्पादनको स्थिति, आवश्यकता, गुणस्तर कायम राख्न र बिउ उत्पादनमा आई परेका चुनौतीका साथै बिउको बजारीकरणमा देखिएका समस्याहरूको बारेमा छलफल गर्ने मुख्य उद्देश्य रहेको थियो । गोष्ठीमा समग्र जिल्लाको बिउको स्थिति, बिउ बजारीकरणमा देखिएका समस्या, चुनौती, बिउ व्यवसायीहरूको बजारीकरणमा भूमिका (Role of Private Sector in seed business), बिउ बिजनको व्यवसायलाई नियमन गर्ने बारे बिउ बिजन ऐन नियमावली, बिउको २० वर्षे दिर्घकालीन सोच (Seed Vision) को बारेमा समेत जानकारी गराइएको गोष्ठीको अध्यक्षता कार्यक्रमका प्रोग्राम मेनेजर श्री लक्ष्मणप्रसाद पौडेलले गर्नु भएको थियो भने कार्यक्रमको प्रमुख आतिथ्यता कृषि बिकास मंत्रालयका सचिब श्री उत्तम कुमार भट्टराईले गर्नुभएको थियो ।

उदघाटन कार्यक्रममा कृषि सचिब श्री उत्तम कुमार भट्टराईले बिउ बजारीकरण सम्बन्धी अन्तर्क्रिया गोष्ठी (Seed market linkage workshop) महत्वपूर्ण कार्यक्रमको सुरुवात गरेकोमा र आफूलाई सहभागिताको लागि आमन्त्रण गरेकोमा KUBK व्यवस्थापनलाई धन्यबाद ज्ञापन गर्नु भयो । बिउ कृषि उत्पादन वृद्धिको लागि एक महत्वपूर्ण साधन (Vehicle of productivity) भएकोले गुणस्तरीय उन्नत बिउको प्रयोगमा बढावा दिई उत्पादन वृद्धि गर्न सुझाव दिनु भयो । बिउको दीर्घकालिन सोच (Seed Vision) ले परिकल्पना गरे अनुसार बिउको प्रतिस्थापन दर वृद्धि गरी उत्पादन वृद्धि गरौ भन्नु भयो । गुणस्तरीय उन्नत TL seed को प्रयोग बढाई बिउ प्रतिस्थापन दरलाई आगामी सन् २०२५ सम्म २५ प्रतिसत पुऱ्याउने गरी कार्यक्रम संचालन गर्न निर्देशन दिनु भयो ।

हाल बाहिरबाट भित्रिएका बर्णसङ्कर बिउको प्रतिस्पर्धामा हाम्रा बिउहरू बजारीकरणमा समस्या आएको भन्ने निजी व्यवसायीहरूको गुनासो तर्फ इगित गर्दै हाईब्रिड बिउलाई व्यवस्थापन गर्नु पर्ने र नेपाल कृषि अनुन्धान परिषद् (NARC)ले अबिलम्ब Seed vision ले निर्देशित गरे बमोजिम हाईब्रिड बिउ उत्पादन तर्फ ध्यान केन्द्रित गर्न निर्देशन दिनु भयो । NARC ले अबिलम्ब हाईब्रिड बिउ उत्पादनको लागि Inbreed line को बिकासमा जोड दिनु पर्ने र त्यस्मा निजीस्तर (Private Sector) ले समेत नेपाल सरकारसँगको सहभागितामा उक्त कार्यक्रम सञ्चालनमा भाग लिन SEAN लाई समेत निर्देशन दिनुभयो र त्यस्को लागि सरकारी क्षेत्रबाट पूर्ण सहयोग हुने प्रतिबद्धता समेत व्यक्त गर्नु भयो ।

सोही अवसरमा कृषि सचिब श्री भट्टराईले अबका दिनमा सानो स्केलबाट ब्यबसायिक रुपमा बिउ, मासु र दुग्ध उत्पादन गर्ने कुरामा जोड दिदै Private Sector बाट यस्को सुरुवात भएकोमा धन्यबाद समेत ब्यक्त गर्नु भयो । अन्तर्क्रियाको क्रममा उहाँले आपतकालिन स्थितिमा बिउको आपूर्ति सुनिश्चित गर्न बिउको बफर स्टक राखिनु पर्नेमा जोड दिनु भयो । सोही अवसरमा राष्ट्रिय बिउ बिजन समिति सरकारी स्वामित्वको सस्था भएकाले सरकारलाई अप्ठारो परेको बेलामा बिउ आपूर्ति गर्न सजिलो हुने धारणा ब्यक्त गर्दै निजी क्षेत्र पनि सरकारको अभिन्न अङ्गको रुपमा अघि बढ्नु पर्छ र त्यसको लागि सरकारबाट निजी क्षेत्रको बिकासको लागि सहजता प्रदान गरिने बताउनु भयो ।

निजी व्यवसायीहरूको जिज्ञासालाई सम्बोधन गर्दै बाहिरबाट बिउ आयात गर्न समेत सरकारले राजपत्रमा सूचना प्रकाशन गरिसकेको कुरा जानकारी गराउनु भयो । समग्रमा यस गोष्ठीबाट औपचारिक बिउ बिजनको क्षेत्र बिस्तारका साथै उत्पादित बिउबिजनलाई बजारीकरण गरी किसानका लागि उन्नत बिउ बिजन कार्यक्रम (KUBK) को प्रभाव क्षेत्रका साथै समग्र देशकै बिउ प्रतिस्थापन दर वृद्धि गरी कृषि उत्पादन बढाउनुका साथै आयात प्रतिस्थापन र निर्यात प्रबर्द्धन गर्नु आजको अपरिहार्य आवश्यकता भएको कुरामा जोड दिनु भएको थियो ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यशाला गोष्ठी सम्पन्न

किसानका लागि उन्नत बीउ विजन कार्यक्रमको आयोजनामा मिति २०७२ जेष्ठ १३ र १४ गते बुटवलमा उक्त कार्यशाला गोष्ठी सम्पन्न भयो । किसानका लागि उन्नत बीउ विजन कार्यक्रमका प्रोग्राम मेनेजर श्री लक्ष्मण प्रसाद पौडेलको अध्यक्षता र कृषि विकास मन्त्रालयका सचिव श्री उत्तम कुमार भट्टराईको प्रमुख आतिथ्यतामा उक्त गोष्ठीको सुरुवात भएको थियो ।

फूलको बिरुवा सहितको गमलामा सिँचाइ गरेर गोष्ठी उद्घाटन गर्दै सचिव श्री भट्टराईले आफ्नो मन्तव्यको क्रममा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण हालको चासो र जल्दोबल्दो विषय भएको धारणा व्यक्त गर्नुभयो ।

आफ्नो मन्तव्यकै क्रममा वहाँले किसानका लागि उन्नत वीउ विजन कार्यक्रमलाई सफल बनाउनु हामी सबैको दायित्व भएको र हालको व्यवस्थापनबाट कृषि विकास मन्त्रालयले धेरै ठूलो आशा लिएको कुरा समेत राख्नु भयो । त्यसै गरी वहाँले आयोजनाहरूको कार्यक्रम सञ्चालन गर्दा महिला, पुरुष मात्र नभएर यस भित्रका जाति, वर्ग तथा समुदायलाई पनि आधार मान्ने र त्यसभित्र पनि पिछडिएका वर्गलाई केन्द्रमा राख्नु पर्ने धारणा व्यक्त गर्नुभयो ।

अन्तमा सचिव श्री भट्टराईले महिलालाई व्यवसायी बनाउनको लागि विशेष जोड दिनु पर्ने हुन्छ र कतिपय अवस्थामा महिला सक्षम भएर सञ्चालन गरेको व्यवसाय पुरुषले सञ्चालन गरेको व्यवसायको तुलनामा अझ बढी सफल भएको समेत देखिएको अनुभव सुनाउदै यसको लागि सकारात्मक सोचको विकास गर्नु अति जरुरी भएको समेत उल्लेख गर्नुभयो ।

# प्राकृतिक विपद्हरूबाट कृषिक्षेत्रमा भएको क्षति र राहत कार्यक्रम

## भूकम्पबाट भएको क्षतिका केही झलकहरू









मुलुकको कृषि क्षेत्र बाढी पहिरो, नदी कटान, डुबान, सुख्खा, असिना, हावा हुरी बतास, रोग किरा आदिको आक्रमण एवं विभिन्न प्रकृतिक विपदका कारणले प्रभावित हुने गरेको छ। संयुक्त राष्ट्र संघ विकास कार्यक्रमको एक अध्ययनले देखाए अनुसार विश्वका करिव २०० मुलुकहरू मध्ये नेपाल भुकम्पीय जोखिमका दृष्टिले ११ औं स्थानमा, बाढी पहिरो जोखिमका दृष्टिले ३१ औं स्थानमा, तथा जलवायु परिवर्तनका दृष्टिले छैटौं स्थानमा रहेको छ।

हालै बैशाख १२ गते गएको विनासकारी भुकम्प र त्यस पछिका अनेकन पराकम्पनहरूबाट मुलुकका अन्य क्षेत्रमा जस्तै कृषिक्षेत्रमा पनि ठूलो क्षति भएको छ। चार जना कृषि प्रविधिकहरूको ज्यान गएको छ भने १ लाख ३५ हजार मे.ट. खाद्यान्न, ५६ हजार गाईवस्तु, ५ लाख कुखुरा, ६ सय भन्दा बढी कार्यालय भवनहरू नष्ट भई करिव ११ अरव बराबरको प्रारम्भिक क्षतिको विवरण प्राप्त भएकोमा कृषि विकास मन्त्रालयद्वारा सञ्चालन गरिएको विपद पश्चातको आवश्यक्ता पहिचान (PDNA) को प्रतिवेदन अनुसार कृषिक्षेत्रको कूल क्षति रु २८.३६ अरब र पुनर्स्थापना एवं पुनर्निमाणको लागि रु १५.५६ अरबको आवश्यकता देखिएको छ।

भूकम्प जानु अगावै मुलुकमा विभिन्न विपदहरूद्वारा हुन गएको क्षतिमा राहतका लागि चालु आ.व. २०७१/७२ मा नियमित कार्यक्रम तर्फ रु ३ करोड ६० लाख विनियोजित भएको र यस वर्षको असार श्रावणमा मुलुकको पूर्वी र पश्चिम तराइमा आएको बाढीबाट हुन गएको व्यापक क्षति भएका जिल्लाहरूमा विशेष राहत कार्यक्रम सञ्चालनार्थ रु २८ करोड ९६ लाख साथै मुगु जिल्लामा असिनाले पुऱ्याएको व्यापक क्षति हुन गएको सन्दर्भमा विशेष राहत कार्यक्रम सञ्चालनको लागि रु २ करोड गरी जम्मा रु ३० करोड ९६ लाख अर्थ मन्त्रालयबाट थप निकासा भई आएको समेत गरी कूल जम्मा रु ३४ करोड ५६ लाख सम्बन्धित विभागहरू मार्फत राहत कार्यक्रम संचालनार्थ अख्तियारी सहित जिल्लाहरूमा पठाइएको छ।

बैशाख १२ गते गएको भूकम्प र त्यस पछि आएका पराकम्पवाट हुन गएको व्यापक क्षती सन्दर्भमा त्यस क्षेत्रका पीडित कृषक समुदायलाई राहत दिनका लागि अल्पकालीन एवं मध्यकालीन अवधिको करिव आठ अर्ब सोह्र करोड बराबरको राहत एवं पुर्नस्थापना कार्यक्रम तर्जुमा गरी स्वीकृतिको लागि रा. यो. आ. मा पेश गरिएको र यस अन्तर्गत नेपाल सरकारद्वारा प्रस्तुत २७ बुंदे सङ्कल्प प्रस्तावमा उल्लेखित विषयहरूमा कृषि विकास मन्त्रालयसँग सम्बन्धित (करिव सात अर्ब असी करोड बराबरको) राहत कार्यक्रम प्रधानमन्त्री कार्यालयमा समेत मिति २०७२/१/३१ मा पेश गरिएको छ।

कृषि विकास मन्त्रालयको समन्वयमा Food Security Cluster Co-leads and members हरूका तर्फबाट World Food Program (WFP) लगायतका दातृ एवं सहयोगी निकायहरूको समन्वयबाट भूकम्प बढी प्रभावित २४ जिल्लाहरूका भुकम्प पिडित जनताहरूलाई हालसम्म करिव ११ हजार मे.ट. (०७२।३।१५ सम्म) खाद्यान्न वितरण भएको छ।

घाइते तथा विरामी पशुपन्छीको उपचार र खोप तथा पीडित कृषकहरूको राहतको लागि रु २ करोड ५० लाख केन्द्रीय दैवि प्रकोप व्यवस्थापन समितिबाट बजेट स्वीकृत भई कार्यान्वयनको क्रममा पशु स्वास्थ्य निर्देशनालयबाट मिति २०७२/२/१३ गते ५ दिनको म्याद राखी राष्ट्रिय दैनिक पत्रिकामा टेण्डर प्रकाशित गरिएकोले मिति २०७२/२/१८ गतेबाट प्रकोप बढी प्रभावित १४ जिल्लामा उक्त कार्य सञ्चालनमा आइसकेको छ।

## भारतको आ.व. २०१५/०१६ को वजेटले नेपालको कृषि क्षेत्रमा पार्न सक्ने सम्भावित असर वारे नीतिगत वहस तथा विश्लेषण

कृषि विकास मन्त्रलय, नीति तथा अन्तराष्ट्रिय सहयोग समन्वय महाशाखा र अन्तराष्ट्रिय फूड पोलिसी रिसर्च इन्सिच्युट (IFPRI) को संयुक्त आयोजनामा भारतको आर्थिक वर्ष सन् २०१५/०१६ को वजेटले नेपालको कृषि क्षेत्रमा पार्नसक्ने संभावित असर वारे नीतिगत वहस तथा विश्लेषण कार्यक्रम २०७१ चैत्र १८ गते काठमाण्डौमा सम्पन्न भयो। कृषि बिकास मन्त्रालयका सचिव श्री उत्तम कुमार भटराईले सभापतित्व गर्नुभएको र कृषि बिकास मन्त्रलयका सहसचिव डा. राजेन्द्र प्रसाद अधिकारीले मोडेरेसन गर्नुभएको उक्त कार्यक्रममा नेपाल ईकोनोकि सोसाईटिका अध्यक्ष प्रा. डा. विश्वम्भर प्याकुरेल, अर्थविद् श्री केशव आचार्य र नेपाल उद्योग वाणिज्य महासंघका श्री प्रकाश गिरीले प्यानालिष्टको भूमिका निर्वाह गर्नु भएको थियो। नीतिगत बिष्लेषण तथा छलफलमा मूख्यतया नेपालमा भईराखेका नीतिहरुको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने, कृषि उपजको उत्पादकत्व वढाउनुपर्ने, अनुदानको साथै प्राविधिक दक्षता तथा कार्यक्षमता वढाउनु पर्ने, तुलनात्मक लाभका कृषिउपजका उत्पादन, प्रसोधन तथा निर्यातमा जोड दिनुपर्ने, कृषि विमाको स्कोपलाई वढाई अझै प्रभावकारी कार्यान्वयन गर्नुपर्ने र श्रोत साधनको न्यायोचित तथा प्रभावकारी वितरण हुनुपर्ने कुरामा वहस चलेको थियो।

# राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार वितरण कार्यक्रम सम्पन्न

आषाढ १५, बाह्रौं राष्ट्रिय धान दिवस, २०७२ को अवसर पारेर कृषि क्षेत्रको विभिन्न व्यवसायमा उत्कृष्ट एवं प्रशंसनीय कार्य गर्ने कृषकहरुलाई नेपाल कृषि अनुसन्धान परिषद् खुमलटारको सभाहलमा पुरस्कार वितरण विशेष समारोह आयोजना गरी पुरस्कृत गर्ने कार्यक्रम सम्पन्न गरिएको थियो । कृषि विकास मन्त्रालयका सचिव श्री उत्तम कुमार भट्टराईको अध्यक्षता र माननीय कृषि विकास मन्त्री श्री हरिप्रसाद पराजुलीको प्रमुख आतिथ्यतामा भएको सो कार्यक्रममा राष्ट्रिय आयोजना आयोगका माननीय सदस्य डा. भारतेन्दु मिश्रको समेत विशेष अतिथिको रुपमा उपस्थिति थियो । सो कार्यक्रममा नेपाल र कृषि अनुसन्धान परिषद्का कार्यकारी निर्देशक डा. वाई.आर पाण्डे, राष्ट्रिय योजना आयोग र मन्त्रालयका सहसचिवहरु र विभागहरुका महानिर्देशकहरु, उपमहानिर्देशकहरु, कार्यक्रम निर्देशकहरु लगायत अधिकृतहरु समेतको उपस्थित रहेको थियो ।

उत्कृष्ट किसानहरुलाई प्रोत्साहित गरी कृषक समुदायमा स्वस्थ्य प्रतिस्पर्धाको भावना विकास गर्दै कृषकको योगदानलाई सम्मान गर्ने, कृषि पेशलाई सम्मानित र व्यवसायिक वनाउने, कृषकको मनोवल उच्च राख्न सहयोग पुऱ्याउने उद्देश्य सहित कार्यक्रमको आयोजना गरिएको थियो ।



कृषिको क्षेत्रमा नमुना काम गर्ने कृषकलाई हरेक वर्ष प्रोत्साहन गर्ने कृषि विकास मन्त्रालयको नीति अनुरुप यस वर्षदेखि राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार वितरण गर्न सुरु गरिएको हो । यस वर्षको सर्वोत्कृष्ट कृषकको रुपमा कैलाली टिकापुरका केरा व्यवसायी श्री कालु हमाललाई प्रमुख अतिथि एवं माननीय कृषि विकास मन्त्री श्री हरिप्रसाद पराजुलीबाट दोसल्ला ओढाई राष्ट्रपति सर्वोत्कृष्ट कृषक पुरस्कार र प्रमाण पत्र प्रदान गरिएको थियो । त्यसै गरी धनकुटा भिरगाउँका अलैंची किसान श्री चन्द्रलाल तामाङ्ग, लेखनाथ कास्कीमा बङ्गुर पालन व्यवसाय गरेका श्री छ्याम बहादुर थापा, बर्दियाका माछा पालक श्री छायादत्त भुसाल र चितवनका पुष्प व्यवसायी श्री प्रकाश पन्तलाई राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार सहित प्रमाण पत्र प्रदान गरिएको थियो । राष्ट्रपति सर्वोत्कृष्ट कृषक पुरस्कारको रकम रु २ लाख र राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कारको रकम रु १ लाख रहेको छ । यसै क्रममा राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कारबाट सम्मानित कृषकहरुलाई विशेष अतिथि राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा.भारतेन्दु मिश्रबाट कृषिका प्रकाशनहरु उपहार स्वरुप वितरण गर्नु भएको थियो ।

राष्ट्रिय योजना आयोगका सहसचिव श्री पुष्पलाल शाक्यले मन्तव्य राख्दै आफू सधैं कृषि क्षेत्रको विकासको लागि प्रतिबद्ध रहेको र कृषि क्षेत्रको विकास विना देश विकास सम्भव नरहेको र कृषकको सम्मान नगरी कृषि पेशालाई मर्यादित नहुने हुँदा कृषकलाई पुरस्कृत गरिनु सह्रानीय कार्य भएकोले आगामी दिनमा बढी कृषक लाभान्वित हुने गरी कार्यक्रम ल्याइनु पर्ने र अनुदान नीति तयार पारी उपयुक्त र आवश्यकता अनुसारका विषयगत अनुदान दिइनु पर्ने धारणा राख्नु भएको थियो । मन्तव्यको क्रममा कृषि विभागका महा निर्देशक डा. युवकध्वज जि.सी.ले कृषि क्षेत्रको विकासको लागि उपयुक्त कार्यक्रम र उपयुक्त बजेटको व्यवस्थापन हुनु पर्ने र कृषक पुरस्कारले नयाँ सन्देश गएकोले आगामी दिनमा यसलाई निरन्तरता दिइनु पर्ने धारणा व्यक्त गर्नु भएको थियो ।

मन्तव्यको क्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्य श्री भारतेन्दु मिश्रले कृषि क्षेत्रको सम्भावना धेरै भएको र लगानी अनुसारका काम देखिन नसकेको साथै कतिपय राम्रा काम भएको अवस्थामा पनि प्रचार प्रसारमा आउन नसकेको अवस्थामा कृषकहरुलाई पुरस्कृत गर्ने कार्यले कृषिमा युवा तथा व्यवसायीहरु आकर्षित हुने अवस्था श्रृजना भएको बताउनुभयो ।

कार्यक्रमका प्रमुख अतिथि माननीय कृषि विकास मन्त्री श्री हरि प्रसाद पराजुलीले कृषकलाई कृषि क्षेत्रमा आकर्षित गर्न सक्ने विषयमा कृषि क्षेत्रमा काम गर्छु भन्ने व्यक्तिलाई आफ्नो सधैं सहयोग रहने बताउनु भएको थियो । पुरस्कृत कृषकको काँधमा थप जिम्मेवारी आएकोले पुरस्कारको सम्मान गरी भविष्यमा अझ बढी उदाहरणीय कार्य गर्न पुरस्कृत कृषकहरुलाई सुझाव दिनु भएको थियो ।

उक्त समारोहमा परस्कृत हुने किसानहरु कृषि विकास मन्त्रालयले यस वर्ष देखि थालनी गरेको राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार वितरण कार्यक्रमले हामी कृषकहरुलाई उत्कृष्ट कार्य गर्न प्रेरणा र हौसला प्राप्त भएको जनाउदै कृषि व्यवसायको सम्मान गरिएकोमा मन्त्रालयलाई धन्यवाद र आभार व्यक्त गर्नुभएको थियो । वहाँहरुबाट कृषि क्षेत्रको विकासको लागि नेपाल सरकारबाट कृषिमा अनुदान बढाउनु पर्ने, गुणस्तरीय वीउ विजन, मलखाद, प्रविधिकहरु सहज र सुलभ उपलब्धताको व्यवस्था मन्त्रालयले मिलाउनु पर्ने माग गर्दै नेपाल सरकारले हाले सञ्चालनमा ल्याएको युवा लक्षित कार्यक्रम प्रभावकारी भएकोले यसको विस्तार गर्नु पर्ने विचार व्यक्त भएको थियो ।

अन्तमा कार्यक्रमका अध्यक्ष एवं मन्त्रालयका सचिव श्री उत्तम कुमार भट्टराईले यस प्रकारको पुरस्कार वितरण पहिलो पटक भए पनि साह्रै सफल भएको र यसले आगामी दिनमा युवाहरुलाई कृषि तर्फ आकर्षित गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने र आगामी वर्षहरुमा कृषि क्षेत्रको विकासको रचनात्मक र उपलब्धिमूलक कार्यक्रम सञ्चालन गर्न मन्त्रालय प्रतिबद्ध रहेको विचार व्यक्त गर्दै पुरस्कृत कृषकहरुलाई विशेष बधाई दिनुभएको थियो ।

**कृषि विकास मन्त्रालय**
सिंहदरबार, काठमाडौं, नेपाल
फोनः ४२११८०८, ४२११६६५, ४२११९४०, फ्याक्सः ९७७-१-४२११९३५
इमेलः bulletin@moad.gov.np, वेभसाइट : www.moad.gov.np